नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना
## परियोजना कार्यान्वयन एकाई, भक्तपुर
(कार्यक्षेत्र: भक्तपुर, काठमाण्डौ र ललितपुर)

☏०१-५७०८१००
Email:pmamp.piu.bhaktapur@gmail.cor
Website: piubhaktapur.pmamp.gov.np

सुर्यविनायक न.पा.-५, चुनदेवी

सूचना नं.: ९

### परियोजना कार्यान्वयन एकाई, भक्तपुर अन्तर्गत संचालन हुने
### कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना
(प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/११/११)

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ- भक्तपुर को चालु आ व ०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमको कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन गर्नुपर्ने भएकाले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८० बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमी/युवा/फर्महरुको तपशिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र अर्थात (मिति २०८०/१२/१० गते भित्र\सो दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट) यस कार्यालयमा अनुसूचि-२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूचि-३ अनुसारको ढाँचामा कार्यक्रम संचालन सम्बन्धी प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ।

तपसिल :

| संचालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रमको संचालन हुने क्षेत्र | कार्यक्रम संचालन गर्न सकिने बाली/वस्तु क्रियाकलापहरु | अनुदान रकम भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|
| कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम | १८ देखि ५० वर्ष उमेर समूहभित्रका सदस्यहरुबाट संचालित कृषक समूह, कृषि सहकारी, र निजी कृषि फर्म/कम्पनीहरु | काठमाडौं ललितपुर भक्तपुर जिल्लाभरि | कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि,२०८० को दफा ६ मा उल्लेख भए बमोजिमका बाली/वस्तु तथा मूल्य-श्रृंखलाका क्षेत्रहरुमा संचालन गरिने। | -प्रति प्रस्ताव बढीमा चार लाख रुपैंया सम्म। -स्वीकृत प्रस्ताव अनुसार कार्य सम्पन्न प्रगतिका आधारमा कुल लागतको बढीमा पचास प्रतिशत रकम अनुदान स्वरुप शोधभर्ना गरिने। |

निवेदन साथ संलग्न कागजातहरु

(१) कार्यक्रम संचालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव।
(२) निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपि)।
(३) कार्यक्रम संचालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसंग कम्तीमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसंग सम्बन्धित संरचना निर्माणतर्फ कम्तीमा १० वर्षका लागि गरिएको सम्झौता पत्रको प्रतिलिपि)।
(४) उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, गत आ.व. सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोबार सम्बन्धी अन्य कागजातहरु(Audit Report)।
(५) स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि।
(६) सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित सहकारी संस्थाको सिफारिस पत्र।
(७) निवेदकको नागरिकता वा नेपाल सरकारबाट जारी फोटोसहितको परिचयपत्रको प्रतिलिपि।
(८) सम्बन्धित स्थानीय तहको कृषि तथा पशुपन्छी शाखाको सिफारिस पत्र

आवेदन पेश गर्ने कार्यालय:
परियोजना कार्यान्वयन एकाइ- भक्तपुर,
सुर्यविनायक न.पा.-५, चुनदेवी, भक्तपुर
सम्पर्क नंबर : ०१-५७०८१००
सूचना अधिकारी : ९८५११४२१३१

२०८०/११/११
बुद्धमणी अधिकारी
वरिष्ठ कृषि अधिकृत

नोटः अनुसूचि-२ अनुसारको आवेदन तथा अनुसूचि-३ अनुसारको कार्यक्रम संचालन सम्बन्धी प्रस्तावना पत्र परियोजना कार्यान्वयन एकाइ- भक्तपुर वा यस कार्यालयको वेबसाइट piubhaktapur.pmamp.gov.np बाट प्राप्त गर्न सकिने छ।

## परिच्छेद २

## कार्यक्रम संचालन हुने बाली/वस्तु, मूल्य-श्रृंखलाका क्षेत्र र लक्षित वर्ग

६. कार्यक्रम संचालन हुने बाली/वस्तु तथा मूल्य-श्रृंखलाका क्षेत्र : यस कार्यविधि बमोजिमको कार्यक्रम देहाय अनुसारका बाली/वस्तु तथा मूल्य-श्रृंखलाका क्षेत्रहरुमा सचालन गरिनेछ।

(क) तरकारीको व्यवसायिक उत्पादन, प्रशोधन तथा बजारीकरण ।

(ख) बीउ-बेर्ना उत्पादन, प्रशोधन तथा भण्डारण ।

(ग) दुग्धजन्य वस्तुको प्रशोधन तथा विविधिकरण, छुर्पी उत्पादन, भण्डारण तथा निर्यात

(घ) च्याउ बीउ उत्पादन, च्याउ प्रशोधन, भण्डारण र बजारीकरण ।

(ङ) मासुजन्य पदार्थको भण्डारण,प्रशोधन र बजारीकरण ।

(च) अदुवा, बेसार लगायतका मसलाबालीको प्रशोधन तथा बजारीकरण ।

(छ) मौरीपालन व्यवसाय र मह प्रशोधन ।

(ज) जौ, फापर, सिलाम, कोदो उत्पादन, प्रशोधन तथा बजारीकरण ।

(झ) प्राङ्गारिक, गड्यौली मल वा जैविक मल उत्पादन तथा बजारीकरण ।

(ञ) बागबानी नर्सरी स्थापना तथा विकास, पुष्प व्यवसाय, टिस्यु-कल्चर प्रविधिबाट बीउ र विरुवा उत्पादन गर्ने व्यवसाय ।

(ट) फलफुल पशोधन र बजारीकरण ।

(ठ) खाद्यान्नको बीउ उत्पादन ।

(ड) ग्रीन हाउसभित्र उत्पादन गरिने बालीहरुको उत्पादन प्रशोधन र भण्डारण

(ढ) साना तथा मझौला खालका कोल्ड च्याम्बर स्थापना तथा सञ्चालन ।

(ण) घाँसबाट हे (Hay), साईलेज (Silage) तथा हेलेज (Haylage) उत्पादन व्यवसाय ।

(त) अर्गानिक कृषि निर्यात ।

(थ) व्यवसायिक पशुपन्छी तथा मत्स्य पालन उत्पादन र प्रशोधन ।

७. लक्षित लाभग्राही :

- कार्यक्रम सचालनका लागि तोकिएका क्षेत्र तथा जिल्लाभित्रका १८ बर्ष देखि ५० बर्ष उमेर समूहका नेपाली कृषक तथा कृषि उद्यमीहरु ।